Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर


❑ वर्ष ८ ❑ अंक १७ २०७६ मंसिर १ गते आईतवार Sunday 17, NOV, 2019 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## हुण्डी कारोवार गर्ने दुई प्रहरीको फन्दामा

विराटनगर । अवैद्ध रुपमा हुण्डीको कारोवार गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। ती हुण्डीको कारोवार गर्ने दुवैको साथवाट ७ लाख रकम समेत वरामद गरिएको छ।

विराटनगर महा नगरपालिका वडा नं. १५ स्थित भन्सार कार्यालयको अगाडिको वाटोमा हुण्डी कारोबार गर्ने मानिसहरू को ३९ प ७३९६ नं. को मोटरसाइकल प्रयोग गरी अबैध नगद रूपैयाको ओसारपसार गरिरहेको छ भनी ती दुवैलाई पक्राउ गरीएको हो ।

प्रहरी टोलिले भारतबाट नेपालतर्फ आएका को ३९ प ७३९६ नं. को मोटरसाइकल रोकेर चेकजाँचगर्दा जिल्ला मोरङ विराटनगर महा नगरपालिका वडा न. १४ ओमसाइराम टोल को ज्योति कुमार साह र सोही मोटरसाइकलमा पछाडी सवार रहेका भारत जिल्ला अररिया वडा नं.१७ जोगवनी साहुटोलको विक्की कुमार साहलाई पक्राउ गरिएको छ।


हुण्डीको कारोवार गर्ने ज्योति कुमार साह र विक्की कुमार साह

मोटर साइकल चालक ज्योति कुमार साहको साथबाट ४ लाख र सोही मोटरसाइकलमा पछाडी सवार रहेका विक्की कुमार साहको साथबाट ३ लाख गरी जम्मा ७ लाख फेला परेको थियो। उक्त रकमको दुवैले कुनै श्रोत खुलाउन नसकेको प्रहरीले जनाएको छ।

उक्त रकम भारत अररिया जिल्ला जोगवनी बजारबाट एक जना व्यक्तिले हुण्डि कारोवार अन्तर्गत पठाएको र यसरी पठाएको रकम सम्वन्धित व्यक्तिको जिम्मा लगाएपछि प्रति १ लाखको १ सय रुपिया पाउने गरेको भनी प्रारम्भिक अनुसन्धानवाट खुलेको छ।

तीनीहरुलाई अनुसन्धान तथा कार्वाहीको लागि मुल भन्सार कार्यालय रानी विराटनगरमा वुझाईएको छ।

के हो हुण्डी कारोवार

अन्तरदेश बीच केही समान खरीदको लागि गैर कानूनी रुपमा पैसा पठाउने कामलाई हुण्डी भनिन्छ। नेपालमा हुन्डी कारोवार दिन दुना राच चगुना फस्टाई रहेको छ।

दुवै देशमा सम्पर्क व्यक्तिहरू राखेर यस्तो कारोबार हुने गरेको छ। नेपालबाट भारत लगायत अन्य देशमा पैसा पठाउन हुन्डीका एजेन्टले नेपालको एजेन्टलाई खबर गर्छ, नेपालको एजेन्टलाई पैसा दिएपछि भारत लगायत अन्य मुलुकको एजेन्टले आफ्नो व्यक्तिलाई

वांकी अन्तिम पेजमा...

## यूवतीलाई वेश्यावृतिमा लगाउनेलाई मानव बेचविखन मुद्दा

विराटनगर। जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १५ रानीमा रहेको हिमालय गेष्टहाउसमा कार्यरत भारत बिहार घर भएका बर्ष ४५ को मो. रियाजलाई पक्राउ गरिएको छ। निज रियाजले उक्त होटलका संचालकसंगको मिलेमतोमा मानव वेचविखन विरूद्धको कसुर अन्तर्गतको कार्यहरू गर्दै आएको थियो।

भारत फार्विसगन्ज घर भएकी विराटनगर त सांकेतिक नाम भएकी एक महिलालाई केही दिन पहिले उक्त गेष्ट हाउसमा काम लगाई दिने भन्दै करकापमा तथा प्रभावमा पारी वेश्यावृतिमा लगाउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। उपर मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिम अनुसन्धान भई रहेको छ।


वेश्यावृतिमा लगाउने मो. रियाज

त्यसैगरी मोरङ बुढिगंगा गंगा गाउं पाालिका वडा नं. ४ स्थित रहेको भगवती काब्रोहाइड्रेड फ्याक्ट्रीको उतर साईडको कम्पाउण्ड वाल प्वाल पारी उक्त फ्याक्ट्रिको वाईलरको मेसनरी पुराना पार्टसहरु जिल्ला मोरङ बुढिगंगा गाउं पालिका वडा नं. ४ को भजन ऋषिदेब र जिल्ला सुनसरी दुहबी नगर पालिका वडा नं. १२ को रोशन ऋषिदेबले चोरी गरी लगेको भनि जानकारी प्राप्त हुना साथ ईलाका प्रहरी कार्यालय नेमुवा नेमुवाबाट प्रनानिको टोलि खटी गई निज दुबै जना लाई र वाईलरको पुराना पार्टसहरु सहित

वांकी अन्तिम पेजमा...

## कालापानी, लिपियाधुरा र लिपुलेक फिर्ताको लागि जनता सडकमा प्रधानमन्त्री मौन

विराटनगर। नेपाली भूमि कालापानी लिपियाधुरा र लिपुलेकलाई भारतले आफ्नो नयाँ नक्शामा समावेश गरेपछि त्यसको विरोधमा नेपाली जनताले देशभरी नै भारतको विरोध गर्दै आन्दोलन गरेको छन्। तर नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओली केही नवोली किन मौन धारण गरेका छन्। जनचासोको विषय बन्न थालेको छ।

नेपाली भूमि भारतको नक्शामा हेर्न वितिकै नेपालमा सत्तापक्ष र विपक्ष दुवै राजनीतिक दलका विद्यार्थी संगठन लगायत भूमिगत रहेको विप्लव समूहको विद्यार्थी संगठनसमेतले भारतको विरोध गर्दै सवैको एउटै माग छ 'गो व्याके इण्डिया' भन्दै नेपाली भूमि फिर्ता गर्न दवाव दिएका छन्।

सोही दवावका कारण नेपाल सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले सर्व दलिय बैठकको आह्वान गरी सर्व दलिय बैठक बोलाए सो वैठकमा सवै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी सवैको उपस्थितिमा नेपाली भूमि फिर्ताको लागि प्रधानमन्त्रीलाई सम्पुर्ण जिम्मेवारी दिई कुटनीतिक तरीकावाट समास्या समाधान गर्न एकमत भए तर प्रधानमन्त्री केपी शर्मा ओली अहिले सम्म वान टु वान वार्ता पनि गर्न सकेका छैन। अहिले सम्म मौन धारण गरी बसेका छन्।

मधेश आन्दोलनको वेला भारतीय सिमा नाका वन्दको वेला भारतलाई गरिएको गारिएको गाली, त्यतीवेला केपी शर्मा ओलीले गरेको भारत सम्वन्धी कटाक्षहरु अहिले देशको कार्यकारी प्रमुख भएर पनि मौन धारण गर्नु, भारतको विरोधमा आम नेपाली जनता बोल्नु तर प्रधानमन्त्री नै चुप लागेर बस्नुले नेपाली जनताका मनमा अर्को प्रश्न सोझ्याएको छ साचिकै नेपाली भूमि गोप्य रुपमा वेचिएको त होईन ? यस्ता प्रश्नको जवाफ प्रधानमन्त्रले दिनु पर्छ।

नेपाली जनताले रेल, पानी जहाज जस्ता चीजहरु चाहिएन बरु कालापनी, लिपियाधुरा र लिपुलेक फिर्ताको लागि विराटनगरमा पनि नेपाल विद्यार्थी संघसम्बद्ध विद्यार्थीले जुलुससहित प्रदर्शन गरेका छन्।

वांकी अन्तिम पेजमा...

## प्रदेश नं. १ का सांसदका लागि संचार सीप

विराटनगर। प्रदेश १ का सांसदको लागि संचार सीप तथा सामाजिक सञ्जालका विविध आयाम विषय दुई दिवसीय कार्यशाला सम्पन्न भएको छ।

प्रदेश नं. १ को राजधानी विराटनगरमा एक औपचारिक कार्यक्रमबीच प्रदेशसभाका सभामुख प्रदीपकुमार भण्डारीले कार्यशाला उद्घाटन गर्दै भने "बद्लिदो परिस्थितिमा संचार तथा यसको फाइदा र प्रयोगको दायरा फराकिलो भएको छ। सांसदहरुका लागि समेत यो निक्कै महत्वपूर्ण अनि आवश्यक छ।" भण्डारीले सिकाइको क्रम निरन्तर चल्ने प्रक्रिया भएको बताएका थिए।

युएनडिपीको सहयोग इनोभेटिभ भिजनको आयोजना र संसदीय पत्रकार मञ्च प्रदेश १ को आयोजनामा भएको कार्यशालमा प्रदेश नं. १ का १६ जना सांसदहरुको सहभागीता रहेको थियो।

संचार सीप तथा यसको प्रयोगको विषयमा सहभागी सांसदहरुलाई लक्ष्मणदत्त पन्त र रजनीश भण्डारीले सहजीकरण गरि रहेका थिए।

सोहीअवसरमा प्रदेश १ नेपाल पत्रकार महासंघका अध्यक्ष विक्रम लुइटेलले सामाजिक संजाल र मिडियाको प्रयोग राजनीतिक फिल्डमा निकै बढेको बताए। उनले समय सपेक्ष रुपमा राजनीतिकर्मीहरुले पनि आफूलाई संचार प्रयोगमा अभ्यस्त बनाउनु

वांकी अन्तिम पेजमा...



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## हुण्डी...

पैसा उपलब्ध गराउँछ । सो काम गरेवापत हुण्डी कारोवार गर्नेहरुले मोटो कमीसन लिन्छ । किन कि वैक वाट रकम अन्य देशमा पठाउँदा धेरै प्रक्रिाय पुरा गर्नु पर्ने तर हुण्डी वाट पठाउंदा केह गर्नु नपर्ने भएकोले नेपाली हरु अध्याधिक रुपमा हुण्डीको प्रयोग गरेको देखिएको छ ।

मनी ट्रान्सफर कम्पनीभन्दा कम कमिसन लिने भएकाले विदेशमा रहेका कामदारले समेत हुन्डीमार्फत नै कारोबार गर्ने गरेका छन् । भारत, हङकङ, दुबई, मलेसिया, चीन, जापान मात्र होइन, युरोप र अमेरिकामा समेत हुन्डीमार्फत नेपालीले कारोबार गर्ने गरेका छन् । यसमा केही मारवाडी व्यवसायी संलग्न रहेको प्रहरीको अनुमान छ । प्रहरीका अनुसार मनी ट्रान्सफरको कारोबार गर्नेहरू पनि हुन्डीको धन्दामा सक्रिय छन् ।

लागुऔषध, हतियार तथा सुनलगायत सामान तस्करीमा पनि हुन्डीमार्फत नै आर्थिक लेनदेन हुने गरेको पाईन्छ ।

त्यस्तै, आतंकवादी क्रियाकलाप को पैसा पनि हुन्डीमार्फत नै एक देशबाट अर्को देशमा पुग्ने गरेको छ ।

## कालापानी...

व्यवस्थापन क्याम्पस ईकाइको आयोजनामा मंगलबार निस्किएको र्‍यालीले नगर परिक्रमा गर्दै जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र पठाइएको छ । संघका इकाइ सभापति अनिल खाा र सचिव शेखर बुढाथोकीले हस्ताक्षर गरेको ज्ञापन पत्रमा लिपियाधुरा, कालापानी, लिपुलेक जस्ता ऐतिहासिक भूभागलाई फिर्ता गर्न पहलका लागि प्रधानमन्त्रीको ध्यानाकर्षण गरिएको छ ।

सोही अवसरमा नेविसंघका विद्यार्थी नेता पवन भट्टराईले भने,''अहिले रेल चाहिएको छैन । पानी जहाज पनि होइन हामीलाई लिपुलेक, कालापानी र लिपियाधुरा फिर्ता चाहिन्छ ।'' उनले प्रधानमन्त्रीले आफ्ना समकक्षी भारतीय प्रधानमन्त्रीसंग छलफल गरी नेपाली भूमि फिर्ता गराउनु पर्ने माग गरेका छन् ।

नेविसंघका पूर्वसहमहामन्त्री कृष्ण कार्कीले नेपाली भूमि फिर्ता गराउन प्रधानमन्त्रीले दह्रो खुट्टा टेक्नुपर्ने सुझाव दिए । ''सर्वपक्षीय छलफलबाट पनि प्रधानमन्त्रीलाई अघि बढ्न समर्थन दिइएको छ,'' कार्कीले भने,''अब प्रधानमन्त्री केपी शर्मा ओलीले पहल गर्नुपर्छ । उहाँलाई सबैको साथ र समर्थन छ ।''

विद्यार्थीहरुले पुर्खा लडे नालापानी, हामी लड्छौ कालापानी, जमिन मिच्न पाईदैन, दुष्ट छिमेकी चाँहिदैन, भारतीय विस्तारवाद मुर्दावाद जस्ता भारतविरोधी नारा लगाएका थिए ।

त्यसैगरी भारतले नेपालीभुमीलाई आफ्नो राजनैतिक नक्सामा राखेको विरोधमा मोरङ्ग पथरीशनिश्चरेका बिभिन्न स्थानमा विरोध र्‍याली गरिएको छ । यूवाहरुले स्वस्फूर्तरुपमा निकालेको र्‍यालीमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुतला समेत जलाइएको छ ।

राष्ट्रवादी युवा समुहका संयोजक तिर्थ आचार्यको आवहानमा निकालिएको विरोध र्‍यालीले मोदिको पुत्ला माथि आक्रोस पोखेका थियो । त्यस्तै पथरी बजारमा सुविन पराजुलीको नेत्रित्वमा भारतको बिरोध गर्दै पथरी बजार परिक्रमा गर्दै मोदिको फोटो र भारतले निकालेको नयाँ नक्सामा आगो लगाएका छन

कोणसभामा बोल्दै बक्ताले भारतीय विस्तारवादी योजना अन्तरगत नै पश्चिम नेपालको लिपुलेक, कालापानी मात्र नभएर सुस्ता, झापा र पाँचथरसम्मका जंगेपिलर सार्न थालेको आरोप लगाएका छन् ।

## प्रदेश...

पर्ने सुझाव दिए । मञ्चका अध्यक्ष गणेश लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा इनोभेटिभ भिजनका अध्यक्ष कृष्णप्रसाद सिग्देलले कार्यक्रमको विषयमा जानकारी दिदै सबै प्रदेशमा कार्यशाला आयोजना गर्ने तयारी रहेको बताएका थिए ।

## यूवती...

नियन्त्रणमा लिई थप अनुसन्धान भई रहेको छ ।

त्यसैगरी एक झै-झगडामा गााली वज्जति गरेको भन्दै प्रहरीले ६ जनालाई अनुसन्धानको लागि पक्राउ गरेको छ । मोरङ रतुवामाई नगर पालिका वडा नं.८ गुरुङ चौक की चन्द्र माया मगरलाई उसैको घरमा गई गाली बेईज्जती गरी अशान्ति मच्याएको हुँदा ती मानिसहरुलाई ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई अनुसन्धान गरि रहेको छ ।

नियन्त्रणमा लिएको मोरङ रतुवामाई नगर पालिका वडा नं. १५ को यादव पाठक, केदार कट्वाल, सागर कट्वाल सन्दिप राई, प्रकाश राइ, दिवश राईलाई नियन्त्रणमा लिएको छ ।

## तराई...

सहयोग गर्ने गर्दथे ।

१२.भमरा

भमराको काम दरबारमा चारैतिर घुमेर रेखदेख गर्ने हुन्छ ।

कोसेली दिएर समाचकेवाको विदाइ

दिदी बहिनीहरुले पूर्णिमाको भोलिपल्ट समाचकेवालाई दही चिउरा खुवाएर नजिकको दह, पोखरी वा नदीमा सेलाउने गर्दछन् । त्यसअघि उनीहरुले केराको पातमा चोखो दही चिउरा, मिष्ठान्न परिकार दिएर बाास वा जुटबाट बनेको एक प्रकारको हलुगो वस्तु (सन्ठी)को मन्दिरमा राखेर विदाइ गरिन्छ ।

# कृत्रिम आँखा प्रत्यारोपनले सरदार मख्ख




बिराटनगर । एक आँखाको भरमा १६ वर्ष देखि दुनियाँलाई हेरी रहेकी विराटनगर महानगर पालिका घिनाघाटकी बविता सरदारले नोवेल शिक्षण अस्पतालमा कृत्रिम आँखा लगाएपछि उनी दंग भएकी छिन् ।

पाँच बर्षकै उमेरमा देब्रे आँखा गुमाएकी उनले दाहिने आँखाले मात्र हेर्ने गर्दथिन् । एकाईस वर्षिय सरदार दुवै आँखाले हेर्न नपाउँदाको समस्या जति छ, त्यत्तिनै एउटा आँखा नभएर अनुहारको स्वरुप बिग्रदाको पीडा थियो । तर, अहिले त्यो पिडा नोवेल शिक्षण अस्पतालले हटाई दिएको छ ।

कृत्रिम आँखा लगाएपछि उनको अनुहारमा अहिले कुनै खोट देखिदैन । दाहिने आँखामा मात्र दृष्टि भएपनि हेर्दा दुवै आँखा दुरुस्तै छन् । झट्ट हेर्दा वास्तविक र कृत्रिम आँखा छुट्याउँन सकिदैन । दुवै आँखाको चाल उस्तै छ । दृष्टि नफर्किएपनि आँखा नहुँदा गुमेको अनुहारको स्वरुप फिर्ता पाउँदा उनी दंग छिन् ।

'आँखा त गुम्यो-गुम्यो, तर एउटा आँखा नभएर अरुले जिस्काउँदा साह्रै नराम्रो लाग्थ्यो ।' सरदारले भनिन् 'नक्कली आँखा लगाएपछि अव अरुले हेर्दा आँखा नभएको जस्तो देखिदैन, पहिले देख्नेहरु अहिले छक्क पर्छन । खुशी लागेको छ ।'

बबिता पाँच बर्षकी हुँदा आँखामा चोट लागेको थियो । त्यसपछि आँखा पाक्दै गएर दृष्टि गुम्यो । अन्तत : घाउ बढ्दै गएपछि अप्रशन गरी आँखा नै निकाल्न' पर्‍यो । त्यसपश्चात अहिले कृत्रिम आँखा लगाईएको हो । नोबेलको दन्त बिभागका कृत्रिम दन्त बिशेषज्ञ एवं गोल्डमेडलिष्ट डा.पवन मेहता नेतृत्वको टिमले कृत्रिम आँखा प्रत्यारोपन गरेको छ ।

नोबेलको दन्त बिभागले दन्त उपचार मात्र नभएर कृत्रिम आँखा, नाक र कान पनि जस्ताको त्यस्तै देखिने गरी लगाउँने गरेको छ । जसका कारण नोबेलमा कृत्रिम अंग लगाउँने बिरामीको भीड बढ्दै गएको अस्पताल स्रोतले जनाएका छ ।




कालापानी, लिपुलेक र लिपियाधुरा फिर्ताको लागि विराटनगरमा विद्यार्थीहरुले निकालेको जुलुस


## नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौं ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातती फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउँ नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**रंगेली नगर पालिकाको कार्यालय**
**रंगेली मोरंग, प्रदेश नं.१**

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा मलाया रोड विराटनगरमा यही मिति २०७६ साल बैखाख २८ गते देखि **दिव्य ज्योती अस्पताल प्रा.लि.** संचालन ल्याएको सहर्ष जानकारी गराउदछौं ।

**हाम्रो सेवाहरु**

२४ सैं घण्टा ईमरजेन्सी सेवा, दैनिक ओ.पी.डी. सेवा, फिजिसियन सेवा, स्त्री रोग तथा प्रसुति सम्वन्धी ओपीडी सेवा, नव जात शिशु तथा बाल रोग सम्वन्धी सेवा, आँखा जाँच तथा अप्रेसन सेवा, हाडजोर्नी तथा नशा रोग सेवा, मेगौला प्रोस्टेट, मुत्रनली, मुत्रथैली र मुत्ररोग सम्वन्धी विशेषज्ञ सेवा, नाक कान घाँटी सेवा, दाँत मुख सम्वन्धी सेवा, ई.सी.जी . सेवा, डिजिटल एक्स-रे अल्ट्रासाउन्ड (USG), कम्प्यूटर स्व्चालित ल्याव, फार्मेसी ।

सम्पर्क
मलाया रोड, विराटनगर, मोरङ्ग फोन नं. ०२१-४७००५०/४७००८५





परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### नेपाली भूमि फिर्ता गराउन सरकार उदासीन

नेपालको भूमि हालै भारतले नयां नक्शामा समावेश गरेपछि नेपालमा भारत विरोधको नारा गन्जन थालेको छ । भारतको विरोध गर्दै नेपाली भूमि फिर्ताको लागि सत्ता पक्ष र प्रतिपक्षी राजनीतिक दलतका विद्यार्थीहरुको संगठनले नेपाली भूमि कालापानी, लिपुलेक र लिपियाधुरा लगायतका हड्पेको जग्गा फिर्ता गर भन्दै सडक तताए पछि मात्र नेपाल सरकारले पनि विज्ञप्त प्रकाशित गरी भारतीय पक्षलाई दवाव दिएको छ । नेपाली भूमिलाई भारतको नक्शा परेको विषयलाई लिएर दुवै पक्षको समझदारीमा सिमाविवाद हल गर्नु पर्ने भारतले एकलौटी गरेको कदापी मान्य नहुने वताएका थिए । नेपाली भूमि भारतले आफ्नो नक्शामा पारेको विषयलाई लिएर प्रधानमन्त्रीले सर्वदलिय बैठक वोलाएका थिए । सो वैठकले एकमत भई विवादलाई कुटनितिज्ञ माध्यमवाट प्रधानमन्त्री स्तरमा वार्तागरी नेपाली भूमि फिर्ताको लागि प्रधान मन्त्रीलाई जिम्मेवारी दिएका थिए । तर प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले सम्म भारतसंग वार्ता गर्न उदासीन देखिएको छ। कुनै पनि पहल अगाडी बढाएको छैन ।

आम नेपाली जनताले नेपालको भूमि फिर्ताको लागि गाउं-गााउं, शहर-शहरवाट सडकमा आई सकेका छन् तर सरकारले यसको पहलकदमी नलिनुले आम जनमानसमा नेपाल सरकार र प्रधान मन्त्री केपी शर्मा प्रति अनेकन प्रश्नहरु उठ्न थालेका छन् । उखनन टुक्कावाट नेकपालाई बहुमत दिलाउन, कुनै पनि विषयमा उखान टुक्काद्धारा सरल भाषा प्रयोग गरी होच्याउने ओलीको वाणी सुधार भएको देखिन्छ । नेपाली भूमि भारतले मिच्दा पनि कुनै पनि उखान टुक्का नभन्नु, भारतको विरुद्ध कुनै पनि प्रतिक्रया नदिनुले कही नेपाली भूमि वेचिएको त होईन भन्ने शंका वढ्न थालेको छ । त्यस्ता शकालाई चिरनको लागि नेपाली भूमि फिर्ता गराएर देखाउनु पर्छ ।

नेपाली भूमि फिर्ताको लागि सरकारले उच्च पहल कदमी लिनु पर्छ । यदि नेपालको भूमि भारतवाट फिर्ता गराउन नेपाल सरकार सकेने भने अन्य ठाउंमा दिएको सिमा विवाद झन जटिल हुँदै जान्छ । सिमा विवादलाई समाधानका लागि दुवै देशका उच्च तहका प्रतिनिधीले समाधान खोज्न आश्यक छ अन्यथा थोरै-थोरै गरी भारतले नेपाली भूमिलाई कव्जा गर्दै जान्छ । उहिले नालापानी हाम्रा पुर्जाले जोगाएका थिए त लोकतन्त्रमा नेपाली भूमि भारतले कव्जा गरेमा जनताको छोरा-छोरी राष्ट्रिपति, प्रधानमन्त्री हुनेहरुलाई आम नेपाली जनताले सरापन पछि पर्दैन त्यसैले वेलामै नेपाली भूमि फिर्ता गरौं ।

# कालापानी र लिपुलेकमा किन बोल्दैन कपी ओली ? सरकारको मौनता होइन, पहलकदमीको प्रतिक्षा

डिला संग्रौला

लिम्पियाधुरादेखि कालापानी र लिपुलेकसम्म भूभाग नेपालको हो । भारतले कालापानी र लिपुलेक सम्मको विशाल भूमिलाई अतिक्रमण गर्दै आफ्नो नक्सा सार्वजनिक गरेपछि नेपालको राष्ट्रियता, राष्ट्रियसार्वभौमकता र भौगोलिक अखण्डतामाथि हस्तक्षेप भएको सन्दर्भमा सम्पूर्ण नेपालीहरूको बीचका साथै राजनीतिक र कूटनीतिक वृत्तमा निकै हलचल उत्पन्न भएको छ ।

नेपालको भूमिमाथिको अतिक्रमणको विषयलाई लिएर प्रमुख प्रतिपक्षीदल नेपाली कांग्रेस तथा संसदभित्र प्रतिनिधित्व गर्ने अन्य साना दलहरूले यस विषयप्रति गम्भीर चासो र चिन्ता व्यक्त गर्दै यस्तो सम्वेदनशील विषयवस्तुमा प्रधानमन्त्रीले स्वयं आफैं नेतृत्व गर्दै राजनीतिक र कूटनीतिकतबरले परिणाममुखी वार्ता प्रारम्भ गर्नुपर्छ भन्दै कालापानी, लिपुलेक नेपालको अभिभाज्य भूमि भनेका छन् ।

नेपाली माटोमाथिको अतिक्रमण कुनै पनि हालतमा सहेर बस्नु हुँदैन । हामीलाई भारतको एक इञ्च भूमि पनि चाहिदैन र नेपालको एक इञ्च भूमि पनि भारतलाई मिच्न दिदैनौं भन्ने धारणा पनि सार्वजनिक भइसकेका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले पनि आफ्नो आधिकारिक धारणा सार्वजनिक गर्दै नेपालस्थित भारतीय राजदूतसँग टेलिफोन वार्ता गरी राष्ट्रियता र राष्ट्रिय अखण्डताको सवालमा सरकारको पूर्ण साथमा रहेको प्रतिवद्धता पनि प्रकट गरिसकेको छ ।

प्रधानमन्त्रीले सीमा रक्षा गर्न सर्वपक्षीय बैठक पनि गरिसकेका छन् । उक्त बैठकमा सबै दलको एकै स्वर छ-कालापानी हाम्रो हो, राजनीतिक र कूटनीतिक प्रयास थालौं । यसरी लिपुलेक र लिम्पियाधुरासहित कालापानी क्षेत्र नेपालको भूभाग हो भन्ने विषयमा पहिलोपटक अभूतपूर्व राष्ट्रिय एकता कायम भएको छ । सरकारले यही राष्ट्रिय भावनालाई शीरोधार्य गर्दै दृढता र स्पष्टताका साथ परिणाममुखी राजनीतिक र कूटनीतिक वार्ता अविलम्व प्रारम्भ गर्नुपर्ने आजको आवश्यकता हो ।

सरकारका तर्फबाट परराष्ट्र मन्त्रालयले विज्ञप्ति जारी गरी कालापानी नेपालको भूमि रहेको र यसबारे भारतको एकपक्षीय निर्णय मान्य नहुने स्पष्ट पारेको छ । यस्तै मिनि संसदको रुपमा चिनिने, राज्यव्यवस्था तथा सुशासन समितिले पनि नेपालको सीमा सुरक्षा गर्न र नेपालको नक्सा सार्वजनिक गर्न सरकारलाई निर्देशन पनि दिइसकेको छ । तर, आजको परिप्रेक्षमा यस्ता पहिलकदमीले मात्र




यस्तो सम्वेदनशील विषयको समाधान हुन सक्दैन । आजसम्म सीमा मिचिएको बारेमा हाम्रा प्रधानमन्त्रीको स्पष्ट धारणा किन आएको छैन ? राष्ट्रियताको सवालमा प्रधानमन्त्रीको मौनता होइन, प्रत्यक्ष पहलकदमीको प्रतिक्षामा नेपाली जनता रहेका छन् ।

लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको भूमि हो भन्ने कुरा सन् १८१६ को सुगौली सन्धीको धारा ५ अनुसार लिम्पियाधुरा कालीनदीको मुहान हो । कालीनदी नै नेपाल र भारतको सिमाना हो । त्यसपछि पनि ४४ वर्षसम्म लिम्पियाधुरा नै कालीको मुहान निर्विवाद थियो । वि.सं.२०१८ सालमा लिम्पियाधुराको क्षेत्रको गाउँमा तत्कालीन नेपाल सरकारका जोनल अफिसर भैरव रिसालले जनगणना गरेका थिए ।

सन् १९६२ चीनसँगको युद्धको दौरानमा भारतले काली तरेर नेपाल भूमि अतिक्रमण गर्दै अघि बढ्यो । अतिक्रमण गर्दै भारतीयहरू लिपुलेक आएर त्यहाबाट बगेको खोलालाई कालीनदी भनेर एकतर्फीरुपमा घोषणा पनि गऱ्यो । यसरी लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३१० वर्ग कि.मि. क्षेत्र भारतले कव्जा गरी नेपाली भूमि कालापानीमा भारतीय सेना तैनाथ गऱ्यो । त्यसपछि थप ६२ किमी पूर्व आइसकेको छ । यसरी यो क्षेत्रमा मात्र भारतले ३७२ किमी जमीन मिचिसकेको छ ।

भारतको यो कदमलाई चीन पनि समर्थन हो कि भन्ने आशंका उत्पन्न भएको देखिन्छ । किनभने लिम्पियाधुरा नै नेपालको भएकाले त्यो भन्दा ३१० वर्ग्किमी पूर्व नेपाली भूमि लिपुभञ्ज्याङ पनि नेपालकै हो भन्ने कुरामा दुई मत छैन । तर, नेपाललाई नै जानकारी नदिई चीनको राजधानी वेइजिङमा भारतका प्रधानमन्त्रि नरेन्द्र मोदी र चीनका राष्ट्रपति सी चिनफिङले लिपुलेक व्यापारिक नाकाका रुपमा प्रयोग गर्ने निर्णय किन गरे ?

सीमा विवाद समाधानका लागि केही अगाडि पहलकदमी पनि भएका देखिन्छन् । सन् १९८१ देखि २००७ सम्म नापी विभागका महानिर्देशकको संयुक्त नेतृत्व नापी समितिले करिव २६ वर्ष लगाएर दुवै देशका प्राविधिकले १८७ वाट स्टिप्स म्याप पनि टुंग्याएका थिए । यस सम्बन्धमा सन् २००७ मा चरणवद्ध वैठक पनि भएको थियो । पछि नरेन्द्र मोदी भारतीय प्रधानमन्त्रि भएपछि नेपालको सीमा समस्या समाधानका लागि संयुक्त कार्यदल बनाउनुपर्ने मागअनुरुप महानिर्देशकको नेतृत्वको संयन्त्रलाई बिउात्याइएको थियो । त्यसयता नक्सा भएको ठाउँमा पिल्लर गाड्ने र अन्य काम पनि भैरहेको छ ।

सन् २०१४ मा सम्पन्न नेपाल र भारत मन्त्रिस्तरीय संयुक्त बैठकमा कालापानी र सुस्तासम्वन्धी विवाद प्राविधिकहरुको सुझावका आधारमा विदेश सचिवस्तरीय बैठक गर्ने निर्णय भएको थियो । उक्त बैठकमा भारतीय विदेश मन्त्री शुष्मा स्वराज सहभागी थिइन् । त्यसपछि कालापानी विवादमा कुनै प्रगति भएको छैन ।

कालापानीको सम्बन्धमा बेलाबखत सतहमा आउने र सेलाउने गरेको पाइन्छ । सन् २०१५ मा नरेन्द्र मोदीको चीन भ्रमणमा गएका बेला दुवै देशबाट जारी भएको संयुक्त वक्तव्यलाई लिएर पनि विवाद चुलिएको छ । भारत र चीनले लिपुलेकबाट वैदेशिक व्यापारिक मार्ग निर्माण गर्ने सहमति गरेपछि नेपालले तत्कालै विरोध पनि जनाएको थियो ।

नेपाल र भारत संयुक्त आयोग २०७१ सालमा सम्पन्न तेश्रो बैठकले कालापानी र सुस्तामा जारी सीमा विवाद सुल्झ्याउने जिम्मा दुवै देशका परराष्ट्र सचिवलाई दिएको थियो । तर, उक्त विवाद सचिवस्तरिय बैठकले अझै सुल्झाउन सकेको छैन ।

त्यसैले कालापानी, लिपुलेकमाथि भारतले गरेको अतिक्रमण र मिचिएको भूमि फिर्ता गराउन स्वयं प्रधानमन्त्रीले निम्न कुराहरु अविलम्व थालनी गर्नुपर्ने देखिन्छ । नत्र भने नेपाली जनताले फेरि अर्को स्वाभिमान र राष्ट्रियताको लडाइा लड्ने दिन आउन सक्छ ।

१. सर्वपक्षीय बैठकले गरेको निर्णयको कार्यान्वयन

कालापानी लिपुलेकमाथि अतिक्रमण गरी भारतले एकतफी रुपमा नक्सा सार्वजनिक गरेपछि प्रधानमन्त्रीले सर्वपक्षीय वार्ता गऱ्यो । उक्त बैठकको निर्णय सीमाविवादको समस्या राजनीतिक र कूटनीतिक तवरले परिणाममुखी वार्ता गर्ने । त्यसको नेतृत्व स्वयं प्रधानमन्त्रीले लिनुपर्ने भन्ने थियो । यस कुराको छिटो कार्यान्वयन हुनुपर्दछ ।

वांकी पेज ३ मा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीगि मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

**अस्पताल**

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## भ्रमण...

२. नेपालको तर्फबाट तत्काल नक्सा सार्वजनिक गर्नुपर्ने

लिम्पियाधुरा, लिपुलेक, कालापानी नेपालको हो भन्ने कुरामा कुनै दुई मत छैन । हाम्रा ऐतिहासिक दस्तावेज, दसी प्रमाण, नक्सा सबै छन् । त्यसैले नेपालको नक्सामा लिम्पियाधुरासम्मको भूभागलाई समावेश गरी नयाँ नक्सा अविलम्व नेपाल सरकारले तयार गर्नुपर्छ ।

३. भारतीय सेना हटाइनुपर्ने

कालापानी र लिपुलेकको सीमामा भारतीय सेना तैनाथ छन् । यो सीमा नेपालको भूमि हो । सो सीमाबाट भारतीय सेना हटाइनु पर्दछ । तत्काल नेपाल सरकारले भारतीय सेना हटाएर नेपाली सेना उक्त सीमामा राख्नुपर्छ ।

४. वान टु वान वार्ता

सीमा विवादको समस्या स्थायी रुपमा गर्ने हो भने सर्वप्रथम हाम्रा प्रधानमन्त्रीले भारतका प्रधानमन्त्री मोदीसाग वान टु वान वार्ता गर्नु जरुरी छ । तबमात्र यो समस्याले सकारात्मक परिणाम दिन सक्छ ।

५. पारदर्शिता र स्पष्टता

यसभन्दा अगाडि पनि परराष्ट्र सचिवस्तरीय वार्ता टोली गठन भई कूटनीतिक वार्ता नभएका होइनन् । तर, त्यसपछि बैठक नबसेको तीतो यथार्थ हामीसमक्ष छँदैछ । त्यसैले अब नेपाल सरकारले गरेको हरेक पहलकदमी पारदर्शी र स्पष्टरुपले नेपाली जनताले थाहा पाउने तवरले वार्ता प्रारम्भ गर्नुपर्छ ।

६. संसदको अधिवेशन

नेपालको राष्ट्रियता, भौगोलिक अखण्डता र स्वाधीनतामाथि भारतले अतिक्रमण गरेको छ । यस्तो गम्भीर र संवेदनशील विषयमा जनताको सार्वभौमसत्ता सम्पन्न थलो संसद वन्द छ । त्यसैले कालापानी र लिपुलेकको सीमा विवादवारे छलफल र निर्णय गर्न तत्काल संसदको अधिवेशनको आह्वान गर्नुपर्छ ।

७. अन्तराष्ट्रियकरण गर्नुपर्ने

दुवै देशवीच राजनीतिक र कुटनीतिक पहलबाट यो समस्या समाधान हुन नसकेमा यस विषयलाई लिएर अन्तराष्ट्रियकरण गर्नसमेत नेपाल सरकार तयार हुनुपर्छ । अन्तराष्ट्रिय मूल्य मान्यताअनुरुप अन्तराष्ट्रिय अदालतमा जान पनि तयार हुनुपर्छ । सार्वभौमसत्ता, अखण्डता र स्वाधीनताको सम्मान गर्दै सह-अस्तित्वका आधारमा संयुक्त राष्ट्रसंघको वडापत्र तथा पञ्चशीलको सिद्धान्तप्रति प्रतिबद्ध भएका राष्ट्र नेपाल र भारत दुवैले अक्षरश पालना गर्न प्रतिबद्ध हुनैपर्छ ।

८. राष्ट्रिय एकताको बलियो आधार

नेपालको अतिक्रमित भूमि फिर्ता लिन सबै राजनीतिक दल र सम्पूर्ण नेपाली एउटै राष्ट्रियताको सूत्रमा एउटै भएर उभिएका छन् । यस्तो अभूतपूर्व एकता प्रष्टफुटित भइरहेको परिप्रेक्षमा सबैको साथ र सहयोग लिएर समन्वय गर्दै राजनीतिक र कूटनीतिक तवरले पनि परिणाममुखी वार्ता गर्दै प्रधानमन्त्रीले आफ्नो मौनतालाई तोड्दै, आफ्नो प्रतिक्रिया दिँदै अगाडि बढ्नु पर्दछ । यो बलको कोर्ट प्रधानमन्त्रीको हातमा छ । जनता परिणाममुखी परिणामको प्रतीक्षामा छन् । (सांसद् संग्रौला नेपाली कांग्रेसकी केन्द्रीय सदस्य हुन) अनलाईन ।


# हार्दिक श्रद्धाञ्जली



स्व. सिता देवी साह

जन्म वि.स. २००१/३/१६ स्वर्गबास वि.स. २०७६/७/२७ गते बुधवार

**भिलेज नेपालका उपाध्यक्ष विराटनगर महानगर पालिका वडा नं. ७ बस्ने पिंकी साहको आमा सिता देवी साहको ७६ वर्षको उमेरमा असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवार अत्यन्त मर्माहत तथा दु:खित् भएका छन् । यस दु:खद् घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक समबेदना प्रकट गर्दछौं ।**

**श्याम सुन्दर सुतिहार (अध्यक्ष)**
**भिलेज नेपाल परिवार**


## मगही भाषा

### मगही भाषा के कविता

#### उखाइरल एकर टिकी

शादी विवाह शादी सुदा
सुतल छी निफिकीर ।
५६ टा सहीदो भ जौ नै,
दैय अधिकार त, मनहोइय ।
घिचली पकैइर सबके टिकी-२
नरीयाके देखु चौरी चाचरमे
भुकै संग-संग खिखिर ।
आइख खोइलक देखरहल छि,
टोली लोली सुतल है निफिकिर-२
आब त मन करैय करु ऐकरा किकि, जौ कुछ ने
मन परैय त मनकरैय, घिचालु ऐकर टिकी ।
हम छि कारी, आहा छी गोर ऐले किरणीया भै भोर,
भण्डारी जीके नम पर भेलै, जनकपुरमे तोरम तोर-२
मंत्री स. राष्ट्रपति तक सवगेल सठीया
मधेशीके अधिकारपर सबके भेल खतीया ।
नेपालके रेलपर १० वेर चरली,
नै भेटल कहैयो कलेकटर ना टिटि ।
या नेता सबके नाम सुनैछी त, मन हौय, कि उखाइलु ऐकर टिकी-२

**फुलगेन महतो**


## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

**धनपालथान गाउँ पालिकाको कार्यालय मोरंग**

खुल्यो ! खुल्यो !! खुल्यो !!!

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको नि:शुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौ ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# तराई मधेशमा सामचकेवा पर्व भव्यताका साथ सम्पन्न

विराटनगर। नेपालीहरुको महान चाड विजिया दशमी, शुभ दिपावली र छठ पछि तराई मधेशका आदीवासी जनजाती, दलित र पिछडावर्गका महिलोहरुले आ-आफ्नो दाजु भईको दिर्घयू, सुख शान्ति र दाजु-भाई, दीदी-वहिनी विच फाटो ल्याउने चुगलाहरुको नाश गर्नका लागि मनाउने समाचकेवा पर्व भव्यताका साथ सम्पन्न गरेको छ।

कला संस्कृती कुनै पनि जात जातिको गहना हो। त्यो गहनालाई जोगाई राख्न सके त्यो जाति जीवित हुन्छ। यदि जोगान न सके त्यो जाति लोप हुँदै जान्छ।त्यही आफ्नो संस्कृतिलाई जगाउनका लागि तराई मधेशमा बसोवास गर्ने मधेशी समुदायका दिदा-बहिनीहरुले सुखद भविष्यको कामना गर्दै समाचकेवा पर्व मनाउँदै आउका छन्।

आफ्नो मौलिक गीत मार्फत दिदीभाइको पर्व समाचकेवालाई उत्साहका साथ मनाएका छन्। उनीहरुको घरगाउँर टोलमा लोकगीतहरु गुञ्जिरहेको पाईन्छ।

समाचकेवा खेल्नका लागि महिलाहरुको समूह-समूहमा बासको सुपा, डगरा (नाग्लो) मा काचो माटोले बनाएको समाचकेवा, चुगला, विरिन्दावनी, कुत्ता(कुकुर), नाह खैबैया, तितिर (समाको साथी), नटुवा, ढोलकिया र भमरा लगायत माटोको फलफूल समेत बनाएर समाचकेवा खेल्ने गरेको छ।

कात्तिक शुक्ल द्वितिया तिथिदेखि सुरु भएको यो पर्व कात्तिक पूर्णिमाको मध्य राती सम्म मधेशी समुदायका महिला दिदी दिदी-बहिनीहरु प्रत्येक साँझ आफ्नो खाली ठाउँ जम्मा भई समुह-समुहमा समाचकेवा गीत, कीर्तनभजन गर्दै होर्षोल्लासका साथ मनाएका थिए।

प्रदेश नं. १ को राजधानी विराटनगरमा पनि महिला नागरिक समाजका अध्यक्ष आशा झाको नेतृत्वमा भव्यताका साथ समाचकेवा उत्सव मनाएका छन्। झाको भनाई छ समाचकेवा पर्व पौरानिक पर्व हो यो पर्व गाउँघरमा थोरै मात्रामा मनाउने गरेका छन्। शहरमा बसोवास गरेको मधेशी समुदायले समाचकेवा पर्वलाई छोडी नै सकेको अवस्थामा केही वर्ष देखि हामी समाचकेवा पर्व समुहीक रुपमा गर्दै अएका छौ।

समाचकेवाको इतिहास

संस्कृतिविद भुलाई चौधरीका अनुसार करीब २ हजार वर्ष पहिले गरभ देशमा गरभा नामक राजा थिए। उनको रानीको नाम आदम्बत्ती थियो।सातौ शताब्दीताका राजा सालिक बाहन थिए।उनको दरबारमा सबै चीजले भरिपूर्ण थियो।

नाच-गानदेखि रेखदेख गर्ने रखवारीसंग सात भाइ छोरा साम र बहिनी समा थिइन्। समाको विवाह त्यतिबेलाका सेन वंशीय राजा चक्रबातसँग भएको थियो। समाको सानैमा विवाह भएकाले उनी माइती अर्थात बुवाकै दरबारमा बस्थिन्। दरवारमा सबै प्रकारमा मानिसहरु आउजाग गर्ने गर्दथे। एक दिन समालाई देखेर डाहा गर्ने चुगला (कुरौटे) ले राजालाई कुरा लगाइ दिए।

दरबारमा छोरीको कुरा राजासमक्ष पुगिसकेपछि राजाले छोरीलाई दरबारबाट निकाली दिए। समा बाध्यभएर वनबासमा जानु पऱ्यो। जब समाका सात भाइले बहिनीलाई घरबाट निकालेर वनबास पठाएको थाहा भए, उनीहरु सातै भाइ बहिनी समालाई लिन जंगल गए। उनीहरु जंगल पुग्दा बहिनी समा चराको रुपमा भइसक्की थिइन्।

बहिनी चरा भएको देखेर भाइहरुले वियोगान्त स्वरुप बहिनीको माया नपाए पनि अर्को जन्ममा समा-चकेवाको रुपमा जन्मिन पाउ भन्दै फर्किन बाध्य भए। त्यही दिनदेखि भाइ-बहिनीको प्रतीकको रुपमा समाजमा समा-चकेवा मनाउ थालियो। यता, समाजले राजालाई छोरीलाई निकालेर ठिक नगरेका

गरभा राजालाई गीतमार्फत गुनासो र चुगला (कुरौटे) लाई गाली गर्न थाले।

केहेन गौरब हे गरभा रजा<br>
(राजा)<br>
सगरे भेलौ उपहास<br>
चुगलाके चुगलीमे<br>
पैरके बेटीके देलह वनबास<br>
पर वचन विमोचन हे रजा<br>
(राजा)<br>
तोरे भेलौ उपास<br>
माइ(बाप टुटल छुटल<br>
बेटीके लैहराके छुटल आस

यसका साथै दाजुभाइप्रति माया दर्साउन समाजमा दिदी बहिनीहरुले समाचकेवा पर्व मनाउन थालियो हरेक कार्तिक शुल्क द्वितिया तिथिदेखि पूर्णिमा सम्म मनाउन थालेका छन्।

समाचकेवा उत्सवको लागि बनाईएका माटोको कलाकृतिहरु

१.समाचकेवा

राजा गरभाको छोरी समाचकेवा जसलाई बुवाको रिसको कारण वनबास जानु परेको थियो। उनी जंगलमा चरा बनेर बसेकी थिइन्। पछि सातै भाइले उनलाई जंगलबाट ल्याउने पहल गरे पनि आउन भने सकिनन्। त्यसैको प्रतीकको रुपमा समालाई लौकिक देवताको रुपमा मधेशी महिलाहरु समाजमा पुज्ने गरिन्छ।

२.बिरदाबोनी

यो जंगल हो। जहाँ समासचेवा चराको रुपमा यही बनमा बस्ने गर्द थिइन्। उनलाई वनमा धेरै दुस्ख कष्ट झेल्नु परेको थियो।

३. चुगला

राजा गरभाको दरबारमा दरबारीको रुपमा काम गर्ने र कुरा लगाउने हुन चुगला। उनको काम नै समाको बारेमा नराम्रो सन्देशहरु राजाकहाँ पुऱ्याउने हुन्छ।

उनकै कारण समा वनबास जानु पर्छ। त्यही कारण चुगलालाई समाजमा कुरौटे भनेर राखिन्छ। उनलाई कमजोर पात्रका रुपमा देखाइन्छ। यस्ता व्यक्तिहरु अहिले पनि प्रत्येक समाजमा हुने गर्दछन्। त्यहीकारण प्रत्येक साँझ समाज बिगार्ने कुरैटे 'चुगला' को विरोध स्वरुप दिदी-बहिनीहरुले जुँगा डढाउने गर्दछन् पूर्णिमा नआउनजेल सम्म।

४.मौहौतियार हाती

अदौकालमा तराईमा घनघोर जंगल थियो। त्यतिबेला जंगलमा विभिन्न प्रकारको जनावरहरु बस्दथे। तर राजाहरुले दरबारमा हात्ती पाल्ने गर्दथे। समाको रेखदेखको लागि थारु राजाले हात्ती राखेका थिए। कतै सवारी जानुपर्दा सवारी सधान थिएन। सडकहरु व्यवस्थीत थिएन।

राजाहरु हात्तीमा चढेर जान्थे। मधेशीहरुको राजपाट यसरी नै चलेको थियो। उनीहरु आफैले दरबारमा हात्ती पाल्थे र सवारीमा त्यही प्रयोग गर्दथे। हात्ती समात्ने, पाल्ने र चढ्ने परम्परा अहिले पनि चित्तवनमा महतो (जसले हात्ती समात्थ्यो अदौकालमा) थारुहरुले जोगाएर राखेका छन्।

५.मालिन

दरबारमा मालिनको काम बगैचाबाट राम्रो-राम्रो फूल लिएर आउने र पूजाको लागि तयारी गरिदिने हो। समाको लागि त्यतिबेला दरबारमा उनै मालिनले फूल लिएर आउँ थिइन्।

६. कुत्ता (कुकुर)

कुकर निक्कै इमान्दार र रेखदेख गर्ने उत्तम जनावर भएकाले राजाले छोरी समाको सुरक्षाका लागि कुकुर राखेका थिए। दरबारमा हुँदासम्म कुकुरले समाको सुरक्षा गर्ने गर्द्थ्यो।

७.नाह खैबैया

त्यो जमानामा पुलपुलेसा नभएपछि राजादेखि रंगसम्म सबै ढुंगामै चढेर वारपार गर्ने गर्दथे। राजाले छोरी ढुंगामै वारपार गर्थिन्।

८.तितिर

जंगलमा समा चरा भएर बस्नु पर्दा उनको मिल्ने साथीको रुपमा थिइन् तितिर। तितिर एक प्रकारको चराको नाम हो। समाको सबैभन्दा प्यारो थिइन् तितिर।

९.नटुवा

दरबारमा पौराणिक गीत र गोलहैन, धुमरा नाच त्यतिबेला सुनाउन नटुवा अर्थात नाच-गान गर्ने व्यक्ति हुन्थे। उनीहरुलाई नाच देखाउनुपर्ने हुन्थ्यो।

१०. न्याकदी भलाजी रजोकर, ढोलकिया र झाइल बजिया

दरबारमा हसाउने व्यक्तिको पनि महत्वपूर्ण भूमिका हुन्थ्यो त्यतिबेला। त्यही भएर जोकरले दरबारमा हास्य व्यांगको काम गर्ने गर्दथे। जोकरले समालाई दरबारमा हुँदा हसाउने र काम गर्दथ्यो।

यस्तै नाच-गानमा साथ दिने र संगीत प्रदर्शन गर्ने काम हुन्थ्यो ढोलकिया र झ्याम्टा बजाउनेको। उनीहरु नाच-गानलाई पूरा रुपमा

वांकी अन्तिम पेजमा...

# कार्टुनमा पेस्तोल

विराटनगर। बजारमा घुमी रहेको एक व्यक्तिलाई चेकजांच गर्दा झोला भित्र कार्टुनमा पेकिङ्गरी राखिएको एकथान पेस्तोल भेटेपछि सो व्यक्तिलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

घटनाको विवरण अनुसार कार्तिक २५ गते राती विराटनगर महानगरपालिका वडा नं. १५ स्थित न्यू देउराली होटल अगाडी बाटोमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १५ को नरसिंह भन्ने दिपक गुरूङलाई हतियार सहित पक्राउ गरेका छ।

गुरुङ्ग दक्षिणबाट उत्तरतर्फ आउदै गरेको अवस्थामा फेला पारी चेकजाँच गर्दा निजले बोकेको हरियो रंगको हाते झोला खोली हेर्दा उक्त झोला भित्र म्याजिक लेखिएको कार्टुनलाई बाहिरबाट कालो टेपले बेरिएको अवस्थामा रहेको र उक्त कार्टुन खोली हेर्दा कार्टुन भित्र पेस्तोल थान १ रहकोले तत्काल पक्राउ गरी मुलुकी अपराध ऐन २०७४ बमोजिम आवश्यक अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ।

# नागरिक सुनवाई कार्यक्रम सम्पन्न

विराटनगर। मोरङ रतुवामाई नगर पालिका वडा नं. ३ चौकीघाट स्थित रहेको खुल्ला चौरमा कार्तिक २५ गते सोमवारका दिन नागरिक सुनवाई कार्यक्रम सम्पन्न गरेको छ।

समुदाय-प्रहरी साझेदारी अन्तर्गत स्थानिय वडा नंम्बर ३ का वडाध्यक्ष लगायत जनप्रतिनिधी, भद्रभलादमी, सरोकारवाल, बुद्धीजीवी, समाजसेवी को उपस्थितिमा नागरीक सुनवाई कार्यक्रम संचालन गरिएको थियो।

# अबैद्ध ढुंगा तथा बालुवा उत्खनन्

विराटनगर। मोरंग लेटाङ्ग नगर पालिका वडा नं. १६ चिसाङ खोला स्थित को २ त ४२६५ न. को ट्याक्टरले अबैध रुपमा ढुङ्गा उत्खन्न गर्दै छ भन्ने खबर प्राप्त हुनासाथ इप्रका लेटाङ बाट प्रहरी सहायक निरीक्षकको टोलि खटिगई उक्त टयाक्टर नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय लेटाङमा ल्याइ आवश्यक कारवाहीको लागि लेटाङ नगरपालिकाको कार्यालयमा बुझाएको थियो।

त्यसैगरी ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ केराबारी गाउँ पालिका वडा नं. ८ खदम खोलामा को.१ त.८९२९ न.को ट्याक्टरले अवैध रूपमा बालुवा लोड गरीरहेको अवस्थामा फेला पारी नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि केराबारी गाउपालिकाको कार्यालय केराबारीमा बुझाईएको थियो।

# वेसाहरा मानिसको उद्धार

विराटनगर। बेसहारा मानव मुक्ति सडक अभियान अन्तर्ग सडक पेटीमा रहेका आठ जना लाई उद्धार गरिएको छ।

बिराटनगर महानगरपालिकाले घोषणा गरेको बेसाहारा मानव मुक्त सडक अभियान अन्तर्गत बिराटनगर महानगरपालिकाका मेयर भिम पराजुली, वडा प्रहरी कार्यालय 'क' बिराटनगरका प्रहरी नायब उपरिक्षकको टोली र मानब सेवा आश्रम बिराटनगरका प्रतिनिधिहरुले तिनीहरुलाई संयुक्त रुपमा उद्धार गरिएको छ।

बिराटनगर महानगर एरियाको बिभिन्न स्थानमा बेसाहारा भइ सडक पेटिमा बसिरहेका ८ जना मानिसहरुलाइ उद्धार गरि बिराटनगर महानगर पालिका वडा नं. १० स्थित रहेको मानब सेवा आश्रममा पठाईएको छ।

# पानीमा डुवेर बालको मृत्यु

विराटनगर । मोरङ कटहरी गाउँ पालिका वडा नं. ७ स्थित टकियाको ६ बर्षिय कृष बिक घर नजिकै रहेको पोखरीमा डुवेर मृत्यु भएको छ।

सोही ठाउँको राजेन्द्र खनालको माछापोखरीमा अकस्मात डुब्न गई मृत अबस्थामा छ भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय मोरङबाट प्रहरी टोली खटि गई आवश्यक कानूनी प्रक्रिया पुरा गरी लाश पोष्टमार्टम गरी परिवारलाई जिम्मा लगाएको प्रहरीले जनाएका छ।

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं।


## हार्दिक श्रद्धाञ्जली



स्व. ललिता देवी साह

भिलेज नेपालका सचिव सिरहा जिल्ला लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ३ घर भई हाल विराटनगर महानगर पालिका वडा नं. १२ बखरी बस्ने हिरालाल साहको आमा ललिता देवी साहको वि.स.२०७६ साल कार्तिक १४ गते विहीवारका दिन ७० वर्षको उमेरमा असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवार अत्यन्त मर्माहत तथा दु:खित् भएका छन्। यस दु:खद् घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक समबेदना प्रकट गर्दछौं।

श्याम सुन्दर सुतिहार (अध्यक्ष) एवं भिलेज नेपाल परिवार, विराटनगर





Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# कहानी : तारीखी तालाब

**सुर्यनाथ सिंह**

गतांकको वांकी

फिर शोभित ठाकुर कुछ दूरी पर बने कुएं की तरफ ले गए. कुआं सालों पहले सूख चुका था, पर उसका चबूतरा और जगत मौजूद थे. कुएं की दीवारें फोड कर पीपल के कुछ पौधे जरूर उग आए थे और अब वे पेड बनना चाहते थे. कुएं की तरफ इशारा करके शोभित ठाकुर ने बताया( 'यह कुंआ भी मौर्यकालीन है.... और यहां के लोगों की वीरता देखिए कि इन ऐतिहासिक धरोहरों को मुगलों के अत्याचार से बचाए रखा. आप तो जानते ही हैं कि जब मुगल हमारे देश में आए तो किस तरह हमारी प्राचीन सभ्यता और संस्कृति को नष्ट करने का प्रयास किया. मगर इस धरती के वीरों ने अपनी एक भी धरोहर की तरफ उनकी आंख टेढी नहीं होने दी....'

फिरंगन ने उस कुएं की भी कई तस्वीरें उतारीं.

वहां यही चीजें दिखाने लायक थीं, सो शोभित ठाकुर उन्हें दिखा कर वापस जयनाथ की दुकान की तरफ लौट चले. चलते-चलते फिरंगी पुरुष ने सवाल किया 'यहां मोगल पीरियड का भी कोई स्थापत्य है ?'

सवाल सुन कर शोभित ठाकुर की आंखें चौडी हुईं, भृकुटि तन गई, पर उन्होंने पलक झपकते ही खुद को संयत किया और चेहरे पर मुस्कान बिखरते हुए बोले 'नहीं.... आप जिस क्षेत्र में खडे हैं, वहां बिल्कुल नहीं है.... यहां मुगल आए जरूर होंगे, क्योंकि उनके वंशज यहां बहुत हैं, पर कोई ऐतिहासिक दस्तावेज उनके जमाने का यहां मौजूद नहीं है.... रहा भी होगा, तो यहां के वीर स्वाभिमानी लोगों ने उसे मिटा डाला होगा....'

'टो, क्या यहां हिंडू-मुसलमान का झगडा बहुत है?'

शोभित ठाकुर की भौहें फिर से तन गई. तल्खी चेहरे पर तन गई. पर उन्होंने एक बार फिर खुद को संयत किया. मन ही मन अंदाजा लगाया कि फिरंगी जोडा वास्तव में ऐतिहासिक स्थलों की तलाश में निकला है या सांप्रदायिक झगडे की जडें तलाशने. अपने आप से बातें की ससुर, आजकल दुनिया भर में सांप्रदायिकता पर बातें करना फैशन बन गया है. इस तरह बहुत सारे ... अपने आप को बौद्धिक साबित करने में जुटे हैं.... खैर, इन गोरी चमडी वालों का भ्रम तो दूर करना ही है. फिर.... वे क्षण भर में ही अपने आप से बतिया कर फुरसत पा गए और बोले ( 'ऐसा कैसे कह सकते हैं आप... कोई ऐसा झगडा नहीं है. कोई तनाव नहीं है दोनों समुदायों के बीच.... अगर हम सहिष्णु न होते, तो इस तरह पूरे जिले में जो बहुत सारे गांवों, कस्बों और शहरों के नाम मुसलमानों के नाम पर हैं, वे कबके मिटा दिए गए होते. जिन गांवों में एक भी मुसलमान नहीं रहता, उनके भी नाम किसी मुसलमान शासक, किसी मुसलमान अलां(फलां के नाम पर रखे हुए हैं.... कोई कैसे कह सकता है कि यहां झगडा रहता है ?... कोई झगडा नहीं है.... सब साथ मिल कर रहते हैं.'

फिरंगी पुरुष ने शोभित ठाकुर के लहजे से अंदाजा लगा लिया कि सवाल कुछ टेढा हो गया. फिर भी उसने अगला सवाल किया 'टो क्या इस एरिया में कभी कोई हिंडू-मुसलमान रायट... कोई डंगा नहीं हुआ ?'

'नहीं. कभी नहीं. सब साथ मिल कर रहते हैं.... सब एक(दूसरे के सुख-दुख में साथ देते हैं....'

'मगर हमने किटाब में पर्हा कि फऊ में टो कई बार डंगा हुआ ?'

'बहुत सालों से वहां भी नहीं हुआ. वहां के दंगों के पीछे पिछली सरकारों का हाथ हुआ करता था. तुष्टीकरण की राजनीति करने वाले दलों का हाथ हुआ करता था. अब वह खत्म हो गया है... और आप आने वाले सालों में देखेंगे कि देश में कहीं भी कोई इस तरह का दंगा होने ही नहीं पाएगा....'

'बहुट(बहुट ढन्यवाद आपका.' फिरंगी ने मुस्कराते हुए हाथ आगे बढाया तो शोभित ठाकुर ने भी चेहरे पर विजयी मुस्कान बिखेरते हुए हाथ आगे कर दिया. देर तक हाथ हिलाते रहे और पूछा ('योर गुड नेम ?'

'फ्रांसिस... फ्रांसिस बेकम.' फिरंगी पुरुष ने जवाब दिया.

'ऐंड मैडम?' शोभित ठाकुर ने गरदन उचका कर फिरंगन की तरफ आंखों से इशारा करते हुए पूछा.

'एलियाना.'

फिरंगन ने अपना नाम सुना तो उसने भी हाथ आगे बढा दिया. शोभित ठाकुर ने फिरंगी का हाथ छोड फिरंगन का हाथ पकड लिया और उस पर अपनी दूसरी हथेली भी जमा दी. उसका हाथ अपने दोनों हाथों में लेकर देर तक पकडे रखा और विह्वल भाव से बोले( 'गुड फीलिंग टु मीटिंग यू.... यू आर भेरी गुड.... आई ऐम शोभित... शोभित ठाकुर. प्रेसिडेंट यूथ विंग आफ राष्ट्रीय जनहित पार्टी....' वे फिरंगन का हाथ पकडे रहे और उनके पिछलगुए मोबाइल से तस्वीरें उतारते रहे. फिरंगन ने थैंक यू बोल कर हाथ छुडाया, तब कहीं उसे मुक्ति मिली.

'नाइस टु मीट यू टू.' फिरंगन ने कहा.

फिर बार-बार हाथ हिलाते, हाथ जोडते हुए शोभित ठाकुर अपनी मोटरसाइकिल पर सवार हुए और उसमें चाबी ठूंसते हुए आखिरी सलाह दी( 'अब यहां से करीब दस किलोमीटर आगे जाएंगे तो नाथ बाबा का मंदिर मिलेगा. वह भी ऐतिहासिक मंदिर है. उसे जरूर देखिए.... आज डिस्टिक हेडक्वाटर में संगठन की जरूरी बैठक है, मुझे देर हो रही है, नहीं तो मैं आप लोगों को वहां जरूर ले चलता.... बाय बाय...'

फिरंगी जोडे ने भी अपने हाथ जोडे और धन्यवाद कहते हुए अपनी मोटरसाइकिल संभाल ली.

फिर शोभित ठाकुर अपने काफिले के साथ दक्षिण दिशा में बढ चले और फिरंगी जोडा उत्तर दिशा की तरफ. पीछे बैठी फिरंगन दूर तक हाथ हिलाती बाय(बाय बोलती रही.

# नोबेलद्धारा मधुमेह नि:शुल्क परीक्षण एवं परामर्श शिविर

विराटनगर । विश्व मधुमेह दिवसको अवसर पारेर बिहीबार बिराटनगर स्थित नोबेल शिक्षण अस्पतालले दुई स्थानमा नि:शुल्क मधुमेह परिक्षण एवं परामर्श शिविर सम्पन्न गरेको छ ।

मोरङको बेलवारी नगर पालिकाका र नोबेल अस्पताल परिसरमा नि:शुल्क मधुमेह परिक्षण शिविर गरिएको गरेको थियो ।



बेलवारीको जेष्ठ नागरिक समाजको भवनमा गरिएको शिविरमा १ सय ५० जनाको मधुमेह परिक्षण गरिएको थियो । जसमध्ये करिव ७० जनामा मधुमेह रोग भेटिएको शिविरमा खटिएका डा.हिमलाल भण्डारीले जानकारी दिए । नोबेलका इण्डोक्राईनोलोजिष्ट डा.प्रताप रोय नेतृत्वको चिकित्सकहरुको टोलीले बिरामीको स्वास्थ्य परिक्षण गरेको थियो । शिविरमा परिक्षणका लागि आएकाहरुलाई नोबेल मेडिकल कलेजका बिएसी नर्सिङ अध्ययनरत बिद्यार्थीहरुले श्रव्यदृष्यसहित मधुमेह रोगको बारेमा जानकारी गराएका थिए ।

त्यसैगरी सोही दिन नोबेल शिक्षण अस्पताल र इन्टास फर्मासटिकलको संयुक्त आयोजनामा नोबेल शिक्षण अस्पताल परिसरमा तीन दिने नि:शुल्क मधुमेह परिक्षण शिविर संचालन गरेको थियो ।


## हार्दिक श्रद्धाञ्जली







स्व. ललिता देवी साह

मगही भाषाको अधियन्ता सिरहा जिल्ला लक्ष्मीपुर पतारी गाउँपालिका वडा नं. ३ घर भई हाल विराटनगर महानगर पालिका वडा नं. १२ बखरी बस्ने मेरा मित्र हिरालाल साहको आमा ललिता देवी साहको वि.स.२०७६ साल कार्तिक १४ गते विहीवारका दिन ७० वर्षको उमेरमा असामयिक स्वर्गारोहणले सम्पूर्ण परिवार अत्यन्त मर्माहत तथा दु:खित् भएका छन् । यस दु:खद् घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामना सहित दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै हार्दिक समबेदना प्रकट गर्दछौं ।

जय प्रकाश महतो (अध्यक्ष)
अखिल नेपाल पिछडा वर्ग (ओविसी) महासंघ मोरंग
एवं भाषा संस्कृति प्रतिष्ठान मोरंग परिवार



## सूचना सूचना सूचना

१- आफ्नै देशमा सिप सिकौं । रोजगार बनौं । राष्ट्रिय पुनर्निर्माणमा सहभागी होऔं ।

- भूकम्पबाट क्षति भएका घर बनाउन पाएको अनुदानको रकम घर-पुनर्निर्माणमा मात्र खर्च गरौं ।
- म निर्माण व्यवसायी, गुणस्तरीय, निर्माण मेरो जिम्मेवारी ।

नेपाल सरकार
सुचना तथा सञ्चार मन्त्रालय
सुचना विभाग



## हार्दिक अनुरोध

जन्मदर्ता बालबालिकाको पहिलो अधिकार हो । जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु दर्ता जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

**व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?**

- जन्म, मृत्यु, विवाह, बसाई-सराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु घटेको ३५ दिन भित्र आफू बस्ने गाउँपालिकाका कार्यालयमा गई दर्ता गराउनु पर्छ ।

**कसरी गर्ने ?**

गाउंपालिकामा निशुल्क पाईने फारम भरी घटना घटेको मितिले ३५ दिन भित्र घटना दर्ता गराउनु पदंछ ।

**व्यक्तिगत घटना दर्ता कसले गराउने**

- जन्म तथा मृत्युको घटना दर्ता परिवारका मुख्य व्यक्तिले ।
- विवाह दर्ता, पति-पत्नी दुवैले ।
- सम्बन्ध विच्छेद, पति वा पत्नीले ।
- बसाई सराई, परिवार भए मुख्य व्यक्तिले र व्यक्ति भए बसाई सराई गरी जाने व्यक्तिले ।

जहदा गाउँ पालिकाको कार्यालय मोरंग



दुग्ध विकास संस्थानबाट उत्पादित
दुध तथा दुग्ध पदार्थहरु

HACCP Certified by TÜV CERT

DDC



स्वादिलो अनि पोषिलो वर्षौदेखिको, अति विश्वासिलो

दुग्ध विकास संस्थान विराटनगर